# वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको स्थानीय राजपत्र

**खण्डः ३ कागबेनी,मुस्ताङ, संख्याः २ मितिः २०७९/०३/३२**

## भाग-१

## वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मुस्ताङको सूचना

## विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संसोधन) ऐन, २०७९

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७ ले दिएको अधिकार प्रयोग गरी वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, गाउँसभा, मुस्ताङले देहायका ऐनहरुमा रहेका प्रावधानहरु खारेजी, संशोधन तथा प्रावधानहरु थप गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी व्यवस्थाहरुको नाम " विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७९ " रहेको छ।

)२ यो (ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. ऐनको दफा ३ को उपदफा २ मा भएको व्यवस्थाको सट्टा तपसिल बमोजिमको व्यवस्था गरिएको छ।

तपसिलः

| सि नं | पदाधिकारी | पद | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | संयोजक | |
| २ | गाउँपालिका उपाध्यक्ष | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |
| ४ | वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक | सदस्य | |
| ५ | सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य | |
| ६ | सम्बन्धित वडा हेर्ने प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि | सदस्य | |
| ७ | गाउँपालिकाको योजना शाखा प्रमुख वा शाखाको कर्मचारी | सदस्य | |
| ८ | गाउँपालिकाको प्राविधिक शाखा प्रमुख वा वडा कार्यालयको प्राविधिक कर्मचारी | सदस्य | |
| ९ | विपद व्यवस्थापन शाखाको फोकल पर्सन | सदस्य सचिव | |

३. ऐनको दफा ३ को उपदफा ३ खारेज गरिएको छ।

आज्ञाले,
जित बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत